# सुनछहरी गाउँपालिका

## मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि, २०७५

# सुनछहरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यलय

पोबाङ रोल्पा

५ नं. प्रदेश नेपाल

प्रमाणीकरण मिति: २०७५/११/२६

# मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि, २०७५

## प्रस्तावना :

सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधा तथा आर्थिक हित कायम राख्दै, समुदायलाई सभ्य, सुसज्जीत शान्त तथा सकारात्मक बाटोमा अग्रसर गराउन मदिराको नियन्त्रण तथा व्यवस्थापन गर्न बाञ्छनीय भएकोले, नेपालको संविधान २०७२ को धारा २२६ बमोजिम मिति २०७५।११।२६ गतेको गाउँ सभाले यो मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि २०७५ बनाई लागु गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ

क. यस कार्यविधिको नाम मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि २०७५ रहेको छ ।

ख. यो कार्यविधि सुनछहरी गाउँपालिकाको क्षेत्रभित्रमा लागु हुने छ ।

२. परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. मदिरा भन्नाले अन्न फलफूल वा अन्य कुनै स्टार्चयुक्त बस्तुलाई जीव रासायनिक प्रक्रियावाट कुहाई वा अन्य कुनै तरिकाबाट तयार पारिएको अल्कोहलयुक्त पदार्थ सम्झनु पर्छ र सो शब्दले रक्सी जाँड छ्याङ व्हिस्की रम जीन ब्राण्डी भोडका वियर वाइन सेरी सेम्पेन साइडर पेरी मिड माल्टन औद्योगिक अल्कोहल रेक्टिफाइड स्प्रिट माल्ट स्प्रिट साइलेण्ट स्प्रिट डिनेचर्ड स्प्रिट र हेडस स्प्रिट समेतलाई जनाउँछ ।

ख. मदिरा कार्ड भन्नाले मदिरा तयार सेवनकर्ताले आफूलाई आवश्यकता अनुसार दैनिक रुपमा सेवन गर्नको लागि गाउँपालिकाबाट नाम दर्ता गरि लिएको मदिरा सेवनकार्ड भन्ने सम्झनु पर्ने छ ।

ग. उत्पादन भन्नाले मदिरा तयार गर्नका लागि आवश्यक पदार्थ कुहाउने तताउने पकाउने वा त्यस्तो पदार्थमा बास्ना वा स्वाद आउने गरी कुनै कुराको सम्मिश्रण गर्ने वा मदिरा तयार गर्नको लागि अपनाइने सबै वा कुनै विधि वा कार्य सम्झनु पर्छ ।

घ. अनुमतिपत्र भन्नाले गाउँपालिका वा अन्य सम्बन्धित निकायले मदिरा विक्री वितरणका लागि दिइएको अनुमतिपत्र सम्झनु पर्छ ।



सम्पर्क ठेगाना: सुनछहरी गाउँ कार्यपालिकाको कार्यालय पोबाङ, रोल्पा,०५-५ नंप्रदेशनेपाल .
कार्यालयको फोन नं. ९८५७८२५०९३ Website:www.sunchhaharimun.gov.np Email :sunchhaharimun@gmail.com

ङ. तोकिएको  वा तोकिए बमोजिम भन्नाले यस ऐन अन्तरगत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

च. सेवनकर्ता भन्नाले मदिरा सेवन गर्ने व्यक्ति सम्झनु पर्छ ।

छ. सेवनकार्ड भन्नाले मदिरा सेवनकर्तालाई प्रदान गरिने परिचय पत्र भन्ने सम्झनु पर्छ ।

ज. अध्यक्ष भन्नाले सुनछहरी गाउँपालिको अध्यक्षलाई सम्झनु पर्छ ।

झ. संयोजक भन्नाले न्यायी समितिको संयोजकलाई सम्झनु पर्छ ।

३. मदिराको उत्पादनमा नियन्त्रण  कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुपमतिपत्रमा तोकिएको शर्त बमोजिम बाहेक मदिरा उत्पादन गर्न पाउने छैन ।

४. मदिराको विक्रि वितरणमा नियन्त्रणः  कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुपमतिपत्रमा तोकिएको शर्त बमोजिम बाहेक मदिरा विक्रि वितरण गर्न वा खुवाउने बार वा रेष्टुरेण्ट वा पसल थाप्न पाउने छैन ।

## ५. मदिराको उत्पादन तथा विक्रि वितरणमा बन्देज

क. कसैले पनि प्लाष्टिको पोका ( पाउच ) वा प्लाष्टिकको बोतलमा मदिरा राखी मदिराको उत्पादन तथा विक्रि वितरण गर्नु हुँदैन ।

ख. कसैले पनि अठार वर्षको उमेर पूरा नगरेको व्यक्तिलाई मदिरा विक्रि वितरण गर्नु हुदैन ।

ग. अठार वर्षको उमेर पूरा नगरेको व्यक्तिले मदिराको विक्रि वितरण, सेवन तथा ओसार पसार  गर्नु हुदैन ।

६. मदिराको निकासी पैठारीमा नियन्त्रणः कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्त बमोजिम बाहेक मदिराको निकासी वा पैठारी गर्न पाउने छैन ।

७. मदिरा विक्रि वितरणा र ओसार पसार  सेवनका लागि अनुमतिपत्र लिनुपर्नेः मदिरा विक्रि वितरण ओसार पसार र सेवनकर्ताले तोकिएको ढाँचामा गाउँपालिका वा सम्बन्धित निकायमा निवेदन दिइ सो निकायबाट अनुमतिपत्र पाएको अवस्थामा मात्र विक्रि वितरण ओसार पसार र सेवन गर्न पाइने छ । साथै बार्षिक रुपमा सबै प्रकारको नविकरण गरेको समेत हुनु पर्ने छ ।



*सम्पर्क ठेगानाः सुनछहरी गाउँ कार्यपालिकाको कार्यालय पोबाङ, रोल्पा ,* ०५-५ नंप्रदेशनेपाल .
*कार्यालयको फोन नं .* ९८५७८२५०९३ *Website*:www.sunchhaharimun.gov.np *Email* :sunchhaharimun@gmail.com

८. मदिरा सेवन कर्ताले होहल्ला गाली बेइज्जती र झैझगडा गर्न नपाइने : मदिरा सेवन गरेर कुनै पनि व्यक्तिले होहल्ला गर्न पाइने छैन । बेलुकी ६ बजेको समय देखि रातीको समयमा कुनै पनि व्यक्तिले मदिरा सेवन गरि अर्को व्यक्ति वा टोलमा असर पुग्ने गरि होहल्ला गर्न पाइने छैन । साथै मदिरा सेवन गरि सेवनकर्ताले समुदायमा कसैलाई गाली बेइज्जती र झैझगडा गर्न पाइने छैन ।

९. मदिरा विक्री वितरण र ओसार पसार

क) गाउँपालिकाले आफ्नो सेवा क्षेत्रमा एकमात्र होलसेल मदिरा पसल र ओसार पसार मदिरा पसलका लागि मात्र अनुमति दिइने छ । त्यसरी अनुमतिपत्र दिंदा लिलाम बढाबढका प्रक्रियाबाट छनौट गरिनेछ ।

ख) सरकारी निकायको दर्ता प्रक्रियामा आएका मदिरा पसलहरु

१०. मदिरा विक्रि वितरण ओसार पसार र सेवनकर्ताका लागि लाग्ने शुल्क :

क. फर्म दर्ता र नविकरण शुल्क प्रचलित कानून अनुसार हुनेछ ।

ख. सेवनकर्ताले दैनिक रुपमा १८० मि लि र वियर परिकारमा एक बोतल मात्र सेवन गर्न पाइने छ । सो वापत बार्षिक एकमुष्ट रु ५००। नविकरण र कार्ड रु ५०० मात्र बुझाउनु पर्ने र अतिथिको हकमा रु २०० बुझाउनु पर्ने छ ।

ग. मदिरा सेवन कार्डको ढाँचा अनुसुचि १ बमोजिम हुने छ ।

११. मदिरा विक्रि वितरण ओसार पसार र सेवनकर्ताले पालना गर्नु पर्ने शर्त : मदिरा विक्रेताले मदिरा विक्री वितरण गर्दा निम्न शर्तहरु अनिवार्य पालन गर्नु पर्ने छ ।

क. मदिरा होलसेल बिक्रीकर्ता र ओसार पसारकर्ताले थोक बिक्रीकर्तालाई विहान ७ बजेदेखि बेलुकी ५ बजेसम्म विक्री वितरण गर्नु पर्ने छ र सेवनकर्तालाई बेलुकी ६ बजेदेखि ९ बजेसम्म मात्रै विक्री वितरण गर्नु पर्ने छ ।

ख. मदिरा होलसेलकर्ता ओसार पसारकर्ता र सेवनकर्ता मदिरा खरिद गर्दा अनिवार्यरुपमा आफूले प्राप्त गरेको अनुमति पत्र वा सेवन कार्ड लिएर आउनु पर्ने छ ।

 प्रमाणीकरण मिति: २०७५/११/२६

*सम्पर्क ठेगाना: सुनछहरी गाउँ कार्यपालिकाको कार्यालय पोबाङ, रोल्पा, ०५-५ नंप्रदेशनेपाल .*
*कार्यालयको फोन नं . ९८५७८२५०९३ Website*www.sunchhaharimun.gov.np *Email* :sunchhaharimun@gmail.com

ग. मदिरा विक्रीका लागि होटेल वा रेष्टुरेण्टले आफ्नो होटेल पसल भन्दा बाहिरका अनुमति नलिएका सेवनकर्तालाई खुवाउन नपाईने तर गाउँपालिका बाहिरबाट आएका पाहुनाहरुलाई भने पाइनेछ ।

घ. मदिरा सेवनकर्ताले आफूले सेवन गर्ने पसल होटलमा आफ्नो कार्ड राख्नु पर्ने छ । दैनिकरुपमा सेवन गर्नु पर्ने भनि निर्धारण गरिएको मात्रामा मात्र विक्री वितरण र सेवन गर्नु पर्ने छ र सो को रेकर्ड समेत राख्नु पर्ने छ ।

ङ. मदिराको कारोवार गर्ने व्यापारीले आफुले लिएको इजाजत पत्र पसलमा सबैले देख्ने गरि राख्नु पर्ने छ भने मदिराको रेट निर्धारण सहितको लिष्ट टाँसेर राख्नु पर्ने छ ।

च. मदिरा सेवन गरि आएको वा सेवनकर्ताको कार्ड नभएको व्यक्तिलाई मदिरा विक्री वितरण नगर्ने ।

छ. मदिरा पसलमा अन्य खाद्दयजन्य सामग्री राख्न नपाइने ।

ज. प्रत्येक दिन आफुले विक्री वितरण गरेको मदिराको दुरुस्त रेकर्ड राख्नु पर्ने छ । ( किन्ने व्यक्तिको नाम ठेगाना उमेर र किनेको परिमाण ) ।

झ. खरिद बिक्रीको अनिवार्य विल प्रयोग गर्नु पर्ने ।

ञ. कानून वमोजिम इजाजत पत्र नविकरण गर्नु पर्ने ।

ट. विशेष पर्व उत्सव मेलाको समयमा सामाजिक शान्ति कायम गर्न सो समयमा मदिरा बिक्री वितरण गर्न नपाइने । गाउँपालिका अन्तरगत हुने मेला पर्व ,तथा अन्य उत्सवहरूमा मदिरा बिक्री वितरणा गर्न अवश्यक परेमा वडा पालिकाको सिफारीसमा गाउँपालिकाको अनुमतीमा मात्र बिक्री वितरण गर्न पाइनेछ ।

ठ. गाउँपालिकाले विशेष कारण खुलाई बिक्री वितरण नगर्नु भन्ने सूचना जारी गरेको समयमा मदिरा विक्री वितरण गर्न नपाइने ।

ड. मदिरा पसल विद्यालय स्वास्थ्य केन्द् सार्वजनिक स्थल पार्क मन्दिर सरकारी तथा गैर सरकारी कार्यालय भन्दा १०० मिटर टादाको दुरीमा राख्ने ।

१२. अतिथी अनुमती पत्रः यस सुनछहरी गाउँपालिकाको क्षेत्रमा कुनै कामको सिलसिलामा कुनै मदिरा सेवनकर्ता आएमा तोकिएको शर्त पालना गर्ने गरी सेवन गर्न पाउने छ

१३. कारोवार अद्यावधीक  गर्ने :

क मदिर विक्रीकर्ताले आफुले मासिक रुपमा विक्री वितरण ओसार पसार र सेवनकर्तालाई विक्री वितरण गराएको कारोवारको रेकर्ड मासिक रुपमा गाउँपालिकाको कार्यालयमा अध्यावधिक गराउनु पर्ने छ ।

ख. गाउँपालिकामा बुझाएको कारोवारको रेकर्ड वडा कार्यालयमा समेत बुझाउनु पर्ने छ र त्यसको अनुगमन वडा कार्यलयले गर्ने छ ।

१४ समिति गठन :

१) मदिरा नियन्त्रण तथा व्यवस्थापन गर्नका लागि प्रत्येक वडाहरुमा निम्न बमोजिमका ७ देखी ९ सदस्य रहेको वडा स्तरीय मदिरा नियन्त्रण तथा व्यवस्थापन समिति गठन गरिने छ जसमा देहायका सदस्य रहने छन ।

| | |
|---|---|
| वडा अध्यक्ष | सयोजक |
| वडा प्रहरी कार्यलयको प्रतिनिधी वा नजिक रहेको प्रहरी कार्यलयको प्रतिनीधि | सदस्य |
| वडा स्तरको स्वास्थ्य कार्यलयको प्रतिनिधी | सदस्य |
| वडा स्तरको महिला समुहको प्रतिनिधी | सदस्य |
| वडामा संचालित विभिन्न क्लवहरुका प्रतिनिधी | सदस्य |
| महिला वडा सदस्य | सदस्य |
| वडा कार्यलयको सचिव | सदस्य सचिव |
| स्थानीय राजनैतिक दलको प्रतिनिधि | सदस्य |

१५ नियमित अनुगमन

क. वडा समिति तथा  दफा १४ वमोजिम गठित समितिले  आफ्नो वडा भित्रका टोल , वजार विधालय , स्वास्थ्य केन्द्र, पार्क ,मन्दिर सार्वजनिक कार्यलय र सार्वजजिक स्थलहरुमा मदिराको अवस्था के कस्तो छ सोको वारेमा जाझवुझ गर्न महिनाको एक दिन अनिवार्य रुपमा अनुगमन गर्नुपर्नेछ ।

ख. अनुगमन समितिले अनुगमन गरि सकेपछिको प्रतिवेदन तयार गरि अनिवार्य रुपमा गाउकार्यपालिकाको वैठकमा पेश गर्नुपर्नेछ ।

ग. अनुगमन समितिले आफ्नो वडाको क्षेत्र भित्र मदिरा विक्रि वितरण वारे अनुगमन गर्दा यस कार्यविधिको दफा ११ मा उल्लेख गरिएको शर्तका कुरा के कति पालना गरिएका छन सो को कुरा प्रतिवेदनमा अनिवार्य खुलाउनु पर्नेछ । साथै निम्न कुराको समेत अवस्था हेर्न सकिने छ ।

 प्रमाणीकरण मिति: २०७५/११/२६

*सम्पर्क ठेगाना: सुनछहरी गाउँ कार्यपालिकाको कार्यलय पोबाङ, रोल्पा,*०५-५ नंप्रदेशनेपाल .
*कार्यालयको फोन नं*. ९८५७८२५०९३ *Website*www.sunchhaharimun.gov.np *Email* :sunchhaharimun@gmail.com

१)  समुदायमा मदिरा बिक्री वितरणको अवस्था के कस्तो रहेको छ सोको जानकारी ,

ख) मदिरा बिक्रेताले इजाजत पत्र नविकरण गरेको छ वा छैन सोको जानकारी ,

ग) सेवनकर्ताले समुदायमा मदिरा सेवन गरि के कति होहल्ला गालि वेइज्जत र झैझगडा गरे सोको जानकारी ,

१६ सचेतना कार्यक्रम संचालन गर्नेः

क) प्रत्येक ६ महिनामा  प्रभाव, कानुनी व्यवस्था र सुधार गर्नुपर्ने विषयका वारेमा वडा स्तरमा एउटा सचेतना कार्यक्रम गर्नुपर्नेछ ।

ग वडा स्तरमा गरिएको सो सचेतना कार्यक्रमको प्रतिवेदन गाउ कार्यपालिकाको कार्यलयमा अनिवार्य पेश गर्नुपर्नेछ ।

१७ खान तलासी , कव्जा वा गिरफ्तार गर्न सकिनेः

क. कुनै पनि स्थानमा वा यस कार्यविधि वमोजिम सजाय हुने कसुर भएको छ भन्ने मनासिव मासिवको कारण गाउपालिकाले वा दफा १४ वमोजिम गठीत समितिले गाउपालिका अध्यक्ष सँग समन्वय गरी जुनसुकै वेला पनि खानतलासी गर्न सक्नेछ ।

ख. त्यस्तो स्थानको खानतलासी गर्दा सो घरधनी वा जसले प्रयोग गरिरहेको छ उसलाइ जानकारी दिनुपर्नेछ ।

ग. यसरी खानतलासि गर्दा उक्त स्थानमा कार्यविधिमा उल्लेखित सजाय हुने वस्तु वा कसुर गर्ने क्रियाकलाप भएको भेटिएमा तत्काल कव्जा गर्ने र गिरफ्तार गर्ने समेत गर्न सकिनेछ । त्यसरी कव्जा वा गिरफ्तार गर्दा नजिकको प्रहरी कार्यलय सगँ समन्वय र सहयोग लिन सकिनेछ  र सोको कुराको तत्काल जानकारी गाउँपालिकालाइ दिनुपर्नेछ ।

१८ सजाय गर्न सकिने

क) गाउँपालिकाले कानुन विपरीत मदिरा उत्पादन , विक्रि वितरण तथा सेवन गरि होहल्ला, गालि वेइज्जती गर्नेलाइ कानुन वमोजिम सजाय गर्न सकिने छ ।

ख) मदिरा सेवन गरि समुदाय तथा सार्वजनिक स्थलहरुमा  होहल्ला गर्ने गालि वेइज्जत गर्ने अश्लिल शव्द वोल्ने झैभगडा गरी समग्र शान्ती सुव्यवस्था भगं गराउने व्यक्तिलाई पहिलो पटक प्रति व्यक्ति रु

 प्रमाणीकरण मितिः २०७५/११/२६

*सम्पर्क ठेगानाः सुनछहरी गाउँ कार्यपालिकाको कार्यलय पोबाङ, रोल्पा ,०५-५ नंप्रदेशनेपाल .*
*कार्यालयको फोन नं .* ९८५७८२५०९३ *Website*www.sunchhaharimun.gov.np *Email* :sunchhaharimun@gmail.com

२०००। -(दुइ हजार) जरीवाना गरिने  छ । सोही व्यक्तिले पटक पिच्छै सोही कसुर दोहोराएमा ५००० -(पाचँ हजार रुपैया ) का दरले वढदै जाने छ ।

ग) मदिरा विक्रि वितरणकर्ता ओसार पसार र उत्पादनकर्ताले यस कार्यविधिको दफा ११ मा उल्लेखित शर्त उल्लघंन गरेमा पहिलो पटक भए रु १००००। ( दश हजार रुपैया ) र सोही व्यक्तिले पटक पिच्छै सोही कसुर गरेमा  रु २०००० ( विस हजार रुपैया ) का दरले वढदै जाने छ ।

घ ) यस कार्यमा सहयोगी भई मतियारको रुपमा कार्य गर्ने योजनाकार वा विक्रि वितरण , उत्पादन र ओसार पसार गर्नेलाई समेत सजायको आधा सजाय गर्न सकिने छ ।

ङ ) सार्वजनिक पद धारण गरेको व्यक्ति,वा  जनप्रतिनिधी, वा  पदाधिकारी वा सुरक्षा निकायका सम्वन्धित कर्मचारी र अन्य सरकारी कर्मचारीले उपदफा २ र ३ वमोजिम कसुर गरेमा तोकिएको सजायको दोव्वर सजाय वा  विभागीय सजाय वा दुवै सजायकालागि सिफारीस गरिने छ ।

१९ मदिरा कोषको स्थापना: दफा १८मा उल्लेख भए अनुसार तोकिएको जरीवाना वाफतको रकम जम्मा गर्नकोलागि प्रत्येक वडाका वडा अध्यक्ष र वडा सचिवको नाममा एउटा छुटटै खाता खोलि उक्त जरीवाना रकम जम्मा गर्न सकिने छ यसरी जरीवाना वाफत प्राप्त कुल रकमको २० प्रतिशत सुरक्षा व्यवस्थापनमा २५ प्रतिशत शिक्षा र स्वास्थ्यमा १० प्रतिशत सुराकी १५ प्रतिशत सुचनामा र ३० प्रतिशत यस सुनछहरी गाउपालिकाको संचित कोषमा दाखिला गर्नुपर्नेछ ।

२०. कारवाहिकोलागि सिफारीस गरि पठाउने

क) समुदायमा कानुन विपरीत मदिरा उत्पादन, विक्रि वितरण गर्ने वा पटक पटक तोकिएको शर्त उल्लघन गर्ने वा  मदिरा सेवन गरी कुनै व्यक्ति तथा समुदायलाई आक्षेप आउने गरी गालि वेइज्जत गर्ने वा मदिरा सेवन गरी झैझगडा गर्ने व्यक्ति वा समुहलाइ कानुन वमोजिम कारवाहिकोलागि सम्वन्धित निकायमा मदिरा नियन्त्रण व्यवस्थापन समिति मार्फत वडा समितिले सिफारीस गरि पठाउन सक्नेछ ।

ख ) पटक पटक कानुन विपरित कार्य गर्ने व्यक्तिको इजाजत पत्र रद्द गर्नकोलागि वडा समितीले गाउँपालिकाका सिफारीस गर्न सक्नेछ ।

२१. सार्वजनिक कार्यलय , विधालय , स्वास्थ्य संस्था तथा सम्पुर्ण सार्वजनिक स्थलहरुमा मदिरा सेवन गरी प्रवेश गर्न निषेध  हुनेछ । सार्वजनिक कार्यलयमा मदिरा सेवन गरी सेवा लिन आएको पाइएमा तत्काल कार्यलय प्रवेशमा निषेध गरी सेवा लिनवाट वञ्चित गरिनेछ । यदी कुनै व्यक्ति वा सेवा ग्राही



*सम्पर्क ठेगाना: सुनछहरी गाउँ कार्यपालिकाको कार्यलय पोबाङ, रोल्पा,०५-५ नंप्रदेशनेपाल .*
*कार्यालयको फोन नं .* ९८५७८२५०९३ *Website*:www.sunchhaharimun.gov.np *Email* :sunchhaharimun@gmail.com

माथि उल्लेखित कुरा उल्लघन हुने गरी अटेरी गरेमा गाउकार्यपालिका कार्यलय वा वडा कार्यलयले तत्काल सम्वन्धित निकायलाई कारवाहीकोलागि सिफारीस गर्न सक्नेछ ।

यसरी कारवाहिीकोलागि सिफारीस गरिएकोमा  कारवाहि गर्ने सम्वन्धित निकायले तत्तकाल कारवाही प्रक्रिया अगाडी वढाउनु पर्नेछ ।

२२. पुनरावेदनः यस कार्यविधि अन्र्तगत जरीवाना वा काम कारवाही उपर चित्त नवुझेमा ३५ दिन भित्र यस सुनछहरी गाउकार्यपालिकाको न्यायीक समितिमा पुनरावेदन गर्न सक्नेछ ।

२३. पुरस्कारः कसैले यस कार्यविधि विपरीत कार्य गरेको कुराको प्रमाण सहित कसैले सुराकी दिएमा सो व्यक्तिलाई विगोको वा सजाय गरिएको रकमको १० प्रतिशत रुपैया सम्म पुरस्कार दिइने छ ।

२४. वाधा अडकाउ फुकाउः यस कार्यविधीमा कुनै वाधा देखीएमा वा कानुनमा वाझिन गएमा गाउकार्यपालिकाले वाधा अडकाउ फुकाउ वा संसोधन गर्न सकिने छ ।

 

*सम्पर्क ठेगानाः सुनछहरी गाउँ कार्यपालिकाको कार्यालय पोबाङ, रोल्पा,* ०५-५ नंप्रदेशनेपाल .
*कार्यालयको फोन नं .* ९८५७८२५०९३ *Website:*www.sunchhaharimun.gov.np *Email* :sunchhaharimun@gmail.com

अनुसुची १

दफा १० (ग) सँग सम्वन्धीत

मदिरा सेवन कार्डको ढाचाँ

क) स्थानीय मदिरा सेवन कार्ड

सुनछहरी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यपालिका

पोवाङ , रोल्पा

मदिरा सेवन कार्ड २०......

वडा नं.:

सेवनकर्ताको नाम:

ठेगाना:

उमेर:

| मिति | बिक्रेताको नाम | मदिराको नाम | परिमाणा | समय | बिक्रेता को हस्ताक्षर |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |



*सम्पर्क ठेगाना: सुनछहरी गाउँ कार्यपालिकाको कार्यालय पोबाङ, रोल्पा, ०५-५ नंप्रदेशनेपाल .*

*कार्यालयको फोन नं. ९८५७८२५०९३ Website*www.sunchhaharimun.gov.np *Email* :sunchhaharimun@gmail.com

अनुसुची १

दफा १० (ग) सँग सम्वन्धीत

मदिरा सेवन कार्डको ढाचाँ

ख) अतिथि मदिरा कार्ड

सुनछहरी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यलय

पोवाङ रोल्पा

अतिथी मदिरा सेवन कार्ड २०......

वडा नं.

पसलको नाम:

बिक्रेताको नाम:

ठेगाना:

उमेर:

| मिति | सेवनकर्ताको नाम | ठेगाना | मदिराको नाम | परिमाणा | मुल्य | समय | विकरेताको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |